
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २२ गते शुक्रबार ❑ 8 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## फेवाताल संरक्षण गर्न अदालतले दिएको आदेश पालना गर्छौं: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर

पोखरा उद्योग बाणिज्य संघको आयोजनामा विहिबारदेखि पोखरामा राष्ट्रिय औधोगिक व्यपार मेला सुरु भएको छ।

पोखरा प्रर्दशनी केन्द्रमा यही पुष १ गतेसम्म संचालन हुने उक्त मेलाको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्योग व्यपारको प्रबर्द्धन गर्न कानूनी अप्ठ्यारा भएको अबस्थामा त्यसको सहजीकरण गर्न प्रदेश सरकारले रहेको बताउनुभयो।



सरकारले दोश्रो पन्चबर्षीय योजना बनाउन लागेकोले कुनै उद्योगी व्यवसायी तथा आम प्रदेशबासीको कुनै सुझावहरु भए समयमै दिन हुन उहाँले आग्रह समेत गर्नुभयो । मुख्यमन्त्री पाण्डेले फेवाताल संरक्षण गर्ने बिषयमा अदालतले दिएको आदेश कार्यान्वयन गर्न आफुहरु कटिवद्ध भएको बताउनु भएको हो । यसमा सबैको साथ सहयोग आवश्यक भएको बताउदै उहाँले आदेशमा स्तानिय, प्रदेश र संघ सरकारको समेत साथ सहयोग र समन्वय भूमिका आवश्यक भएको जनाउनु भयो । फेवातालको ६५ मिटर भित्र रहेका अवैध संरचना हटाउने र वैध संरचनाको क्षतिपुर्ति दिने गरी त्यसको बिषयमा आफुहरुले चरणवद्ध रुपमा छलफल गर्नसुरु गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। फेवाताललाई जति संरक्षण गर्न सकिन्छ त्यती नै यहाँको पर्यटन प्रबर्द्धन हुने मुख्यममन्त्री पाण्डेले दाबी गर्नुभयो । अदालतले दिएको निर्णय पालना गर्न आफुहरु कटिवद्ध भएको उहाँले बताउनु भयो। पोखरालाई पर्यटकीय राजधानीको रुपमा घोषणा गर्न प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। पोखरा पर्यटनको राजधानीको रुपमा घोषणा हुदा तत्काल केही पाउनु भन्दा पनि पर्यटकहरुलाई यसले केन्द्र बनाउन सकिने उहाँको भनाई थियो। गाजा र घरेलु मदिरालाई प्रदेश सरकारले कानूनी रुपमै मान्यता दिने तयारी गरेको उहाँले बताउनु भयो। उहाँले भन्नु भयो 'गाजा केवल लागु पदार्थ मात्र होइन यो औषधीजन्य गुण भएको बस्तु हो, यसको उद्योगधन्दाबाट बस्तुहरु उत्पादन हुन सक्छन त्यसैलाई टेकेर प्रदेश सरकारले कानून निर्माण गर्न लागेका छौं, यसमा एउटै चिन्ता छ यसको दुरुपयोग नहोस ।' यस बिषयमा मस्यौदा समेत तयार भएको बताउदै मुख्यमन्त्री पाण्डेले घरेलु मदिरालाई ब्राण्डिङ गर्ने र गाँजा उत्पादनको लागि कानूनि रुपमा मान्यता दिने गरी अघि बढ्न लागेको बताउनु भयो । आगामी करिब डेढ महिनामा बस्ने संसद बैठकमा यी दुई बिषयको सदनमा छलफल हुने उहाँले बताउनु भयो । प्रदेशका उद्योग पर्यटन पन तथा वातावरण मन्त्री दिपेन्द्र थापाले प्रदेशको राजधानी पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा सरकार तयार रहेको बताउदै पर्यटक आकषर्णका केन्द्रहरुको संरक्षण र प्रचार प्रसार गर्न आगृह गर्नु भयो । प्रदेशका सांसद बिन्दुकुमार थापाले देशको अहिलेको यो अबस्थामा उद्योगी व्यावसायीहरुलाई राज्यले केही सहुलियतका कार्यक्रम ल्याउनु पर्ने बताउनु भयो। पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतीको अध्यक्षतामा उद्घाटन समारोह सम्पन्न भएको थियो । उक्त मेलामा करिब २ सय ५० वटा स्टलहरु रहेको बरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताउनु भयो।

## लोकतान्त्रिक आचरण र प्रणाली बलियो बनाउन सक्कल्प यात्रा : अध्यक्ष ओली



**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीले सुरु गरेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा' लोकतान्त्रिक आचरण र प्रणालीलाई बलियो बनाउनका लागि भएको बताउनुभएको छ।

अभियानका क्रममा आज साँझ मध्यपहाडी राजमार्गको पोखरा महानगरपालिका-२५ हेम्जामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले राष्ट्रियता, सुशासन र समृद्धिका लागि अभियान प्रभावकारी भएको उल्लेख गर्नुभयो।

अध्यक्ष ओलीले देशमा राजतन्त्र पुनःस्थापनाको कुनै सम्भावना नभएको बताउँदै भन्नुभयो, "मरेर गएको राजतन्त्र फर्किँदैन र फर्किन पनि दिइने छैन भन्ने सन्देश दिन हाम्रो सङ्कल्प यात्रा हो। यो अभियान अहिलेको लोकतन्त्रलाई बलियो बनाउन हो, यही सन्देश दिन चाहेका छौं ।" अध्यक्ष ओलीले अभियानका क्रममा देशका विभिन्न क्षेत्रका जनतासँग प्रत्यक्ष संवाद गरेर जनताका समस्या र विकास निर्माणका आवश्यकताका बारेमा जानकारी लिने काम गरिरहेको बताउनुभयो । "देशभरिका जनतासँग प्रत्यक्ष भेटेर अब विकास कसरी गर्ने, कहाँको समस्या के छ ? भनेर तीन हप्ताको लगातारको यात्रा प्रारम्भ गरेका छौं । एमालेप्रति जनताको आशा, विश्वास र भरोसा छ। त्यो भरोसा हामी टुट्न दिने छैनौं, कायम राख्ने छौं", अध्यक्ष ओलीले भन्नुभयो । उहाँले एमाले सरकारमा पुगेर जनतालाई सुखी र खुसी बनाउन सम्भव छ भनेर प्रमाणित गरेको समेत बताउनुभयो । अध्यक्ष ओलीले आगामी दिनमा पार्टीले समाज परिर्वतनको नेतृत्व गर्ने उल्लेख गर्नुभयो । अभियानका क्रममा हालसम्म सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका जनताका समस्या लिइएको बताउँदै काठमाडौँमा पुगेर गम्भीर छलफल गरी कसरी अघि बढ्ने भनेर नयाँ नीति तय गरिने अध्यक्ष ओलीको भनाइ थियो । एमाले अध्यक्ष ओलीसहितको सङ्कल्प यात्राको टोलीलाई आज साँझ कास्की र पर्वतको सीमास्थल नयाँपुलमा बाजागाजासहित भव्य स्वागत गरिएको थियो।

कास्की प्रवेश गरेको सो टोलीलाई मध्यपहाडी राजमार्गअन्तर्गत अन्नपूर्ण गाउँपालिकाको नागडाँडामा स्वागत गरियो भने हेम्जामा स्वागतसहित सम्बोधनको कार्यक्रम राखिएको हो। यात्रामा रहेको टोली शुक्रबार बिहान पोखराको अमरसिंहचोक, तालचोक र रुपा गाउँपालिकाको तालबैंसीमा स्वागत कार्यक्रममा सहभागी हुनेछ। सो टोली दिउँसो रुपा गाउँपालिकाको पिपलेबजार हुँदै लमजुङ प्रस्थान गर्ने एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङले जानकारी दिनुभयो।

## लेखनाथ महोत्सवमा चित्रकला प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष ५ गते देखि १६ गते सम्म आयोजना गर्ने १९ औ संस्करणको लेखनाथ महोत्सवमा विद्यालय स्तरीय चित्रकला प्रतियोगिता हुने भएको छ।

पुस १ गते चित्रकला प्रतियोगिता गर्ने निर्णय भएको विद्यालयस्तरीय कार्यक्रम उप-समितिका संयोजक एल पि ढुंगानाले जानकारी दिए।

प्रतियोगितामा प्रथम द्धितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नेलाई क्रमश नगद ५ हजार, ४ हजार, ३ हजार र २ हजार प्रदान गरिनेछ भने सहभागीहरु सबैलाई समेत प्रोत्साहनको व्यवस्था गरिएको छ। ''प्रतियोगितामा विद्यार्थीहरले कोरेका चित्रहरुलाई महोत्सवमा प्रर्दशनी एवं बिक्रिको लागी समेत राखिनेछ जसबाट विद्यार्थीहरुले अतिरिक्त आयआर्जन समेत गर्न सक्नेछन'' -संयोजक ढुंगानाले वताए।महोत्सवमा विद्यार्थी लक्षीत शैक्षिक प्रर्दशनी, विज्ञान प्रर्दशनी, विद्यालयस्तरीय नृत्य प्रतियोगिता लगायतका कार्यक्रमहरु पनि हुनेछन भने विद्यार्थीहरुलाई महोत्सव अवलोकनको लागी विद्यार्थी परिचय पत्रको आधारमा टिकटमा छुटको समेत व्यवस्था गरिएको छ।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका महासचिव जानुका पराजुली, द्धितीय उपाध्यक्ष विक्रम कर्माचार्य, एन प्याब्सनका केन्द्रीय सदस्य शिवदत्त तिवारी, हिसान कास्कीका अध्यक्ष यम बहादुर रोका, युनिप्स नेपालकी अध्यक्ष शान्ता गुरुङ्ग लगायतले बोलेका थिए।

## अध्यक्ष ओलीद्वारा कालिका मन्दिरमा विशेष पूजा आराधना

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ मंसिर

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले प्रसिद्ध शक्तिपीठ बागलुङ कालिका भगवती मन्दिरमा विशेष पूजा आराधना गर्नुभएको छ।

मध्यपहाडी लोकमार्ग केन्द्रित झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्राका क्रममा आज बागलुङ बजारमा आयोजित कार्यक्रमलाई सम्बोधनपछि अध्यक्ष ओली र उहाँकी श्रीमती राधिका शाक्यले कालिका मन्दिरमा विशेष पूजा आराधना गर्नुभएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो।

पूजा आराधनापछि कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष खड्काले काठबाट बनाइएको कालिका मन्दिरको मूर्ति उपहार दिनुभएको थियो। अध्यक्ष ओलीसहित मन्दिर पुग्नुभएका एमाले उपमहासचिव प्रदीप ज्ञवालीलगायतको टोलीलाई गुठी व्यवस्थापन समितिका पदाधिकारीहरूले स्वागत गरेका थिए । अध्यक्ष ओलीले मन्दिरमा राखिएको आगन्तुक पुस्तिकामा सुझावसहित हस्ताक्षर गर्नुभएको थियो। बागलुङ कालिका भगवती मन्दिर नेपालको एक प्रसिद्ध शक्तिपीठ भएको उल्लेख गर्दै अध्यक्ष ओलीले मन्दिर परिसरमा विवाह गरिरहेका जोडीलाई बधाई दिनुभएको थियो।


## तनहुँका चार स्थानीय तहमा राष्ट्रपति रनिङशिल्ड

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ मंसिर

तनहुँ जिल्लाका चार स्थानीय तहमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ। जिल्लाको म्याग्दे, आँबुखैरेनी, ऋषिङ र घिरिङ गाउँपालिकामा बिहीबारदेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको हो।

अन्य पालिकाले पनि रनिङशिल्डको तयारी गरेका छन् । अन्या स्थानीय तहमा पनि मङ्सिर महिनाभित्रै पालिकास्तरीय रनिङशिल्ड प्रतियोगिता हुँदैछ। पालिकास्तरीय रनिङशिल्ड सुरु भएपछि स्थानीय तह खेलकुदमय भएको छ । जिल्ला खेलकुद विकास समिति तनहुँले आगामी पुस ९ र १० गते जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता गर्ने निर्णय गरेको छ । खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले पालिकास्तरको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मङ्सिर मसान्तभित्र गरिसक्ने र त्यसपश्चात् जिल्लास्तरीय प्रतियोगिता गर्ने निर्णय भएको जानकारी दिनुभयो। खेलकुद विकास समितिले प्रत्येक वर्ष दशवटै पालिकाबाट छनोट भएर आएका खेलाडीलाई सहभागी गराएर राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गर्दै आएको छ। पाण्डेले भन्नुभयो, "मङ्सिरभित्र सबै स्थानीय तहमा पालिकास्तरीय प्रतियोगिता हुनेछ, त्यहाँबाट छनोट भएर आएका विद्यार्थीले जिल्लामा सहभागिता जनाउनेछन् ।" गत वर्ष आयोजित जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डको उपाधि व्यास नगरपालिकाले जितेको थियो । त्यसक्रममा व्यास नगरपालिकाले ११ स्वर्ण, पाँच रजत र छ कास्य पदक जितेको थियो । प्रतियोगितामा १३ पदक सहित भानु नगरपालिका द्वितीय भएको थियो भने भिमाद नगरपालिका १२ पदक सहित तेस्रो भएको थियो। आँबुखैरेनी गाउँपालिकाले आजदेखि २३ गतेसम्म पालिकास्तरीय रनिङशिल्ड आयोजना गरेको छ । जिल्ला खेलकुद विकास समितिको निर्णय बमोजिम उक्त मितिमा पाँचौ राष्ट्रपति रनिङशिल्ड आयोजना गरिएको हो । प्रतियोगितामा छात्र छात्रा भलिबल, कराँते, एथलेटिक्सतर्फ एक सय मिटर दौड, दुई सय मिटर दौड, तीन सय मिटर दौड, चार सय मिटर दौड, रिले दौड, लङजम्प, हाइजम्प, सटपुट, ज्याभलिङ थ्रो लगायतका खेल हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । व्यास नगरपालिकाले मङ्सिर ३० गतेदेखि पुस २ गतेसम्म निर्मल

बाँकी अन्तिम पृष्ठमा ▶▶



# तेक्वान्दोको ‘हाइपर्फमेन्स’ प्रशिक्षण पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर



तेक्वान्दोको पाँच दिने हाइपर्फमेन्स प्रशिक्षण पोखरामा सम्पन्न भएको छ।

नेपाल तेक्वान्दो संघको आयोजना तथा गण्डकी प्रदेश तेक्वान्दोको समन्वयमा प्रशिक्षण सम्पन्न भएको हो। पाँच दिने प्रशिक्षणको समापन गर्दै गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेलले यस प्रकारका प्रशिक्षणले यूवा खेलाडीहरुलाई नयाँ विषय बस्तुमा आधारित रहेर प्रशिक्षण गर्न पाउनु महत्वपूर्ण रहेको बताउनुभयो।

गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा कार्यभार सम्हाल्न आजबाट आउनुभएका सचिव पौडेल पहिलो दिन नै पोखरा रंगशालामा आयोजित तेक्वान्दोको हाइपर्फमेन्स प्रशिक्षणको समापन कार्यक्रममा सहभागि हुनुभएको हो। सहभागिहरुलाई प्रमाणपत्र वितरण गर्दै सचिव पौडेलले खेलकुदको विकासका लागि मन्त्रालय गम्भिर रहेको बताउँदै सहयोग तथा सहजीकरणका लागि मन्त्रालय तयार रहेको उल्लेख गर्नुभयो।

शारिरिक विकास नभए सम्म मानसिक विकास सम्भव नहुने बताउँदै सचिव पौडेलले तेक्वान्दो खेलले अन्तर्राष्ट्रिय स्तरमा समेत पदक ल्याउन सफल खेल भएकोले यसको विकासका लागि प्रशिक्षकहरुले अझै दत्तचित्त भएर लाग्न आग्रह समेत गर्नुभयो। नेपाल तेक्वान्दो संघका उपाध्यक्ष हरिश्वर पोखरेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा गण्डकी प्रदेश तेक्वान्दो संघका महासचिव रमेश पौडेलले समेत आफ्ना भनाई राख्नुभएको थियो। सो अवसरमा प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्मा, मन्त्रालयका खेलकुद महाशाखा प्रमुख खिम बहादुर भुजेल, तेक्वान्दो राष्ट्रिय प्रशिक्षक कविराज खड्गी, गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङ लगायतको सहभागिता रहेको थियो। प्रशिक्षणमा विभिन्न डोजाङका ३१ जना सहभागिता रहेको गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले जानकारी दिए। प्रशिक्षणमा तेक्वान्दोका ३ डान भन्दा माथीका प्रशिक्षकहरुले सहभागिता जनाएका छन्।

सहभागि हरुलाई किमयोङ विश्वविद्यालय कोरियाका प्राध्यापक तथा प्रशिक्षक पार्क जु सिक र क्वाङ वेय पार्कले प्रशिक्षण दिएका थिए।

# महको पकेट क्षेत्रका कृषकलाई मौरी घार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर



मौरी पकेट क्षेत्रकारुपमा विस्तार हुँदै गएको पोखरा महानगरपालिका १६ का कृषकलाई घार वितरण गरिएको छ।

वडास्तरीय कृषि सञ्जालद्धारा आज लामाचौरमा आयोजित एक कार्यक्रम बीच चार लाख मुल्य बरावरका एक सय आधुनिक घार कृषकलाई वितरण गरिएको हो।

उत्तीसको काठ र टुनीका फ्रेम रहेको चार हजार मुल्य रहेको उक्त प्रति घारमा पोखरा महानगरपालिकाको ५० प्रतिशत अनुदान र बाँकी स्वयंम कृषकले व्यहोर्ने व्यवस्था मिलाईएको छ। गत आर्थिक बर्षमा वितरण गरिएका कूल २३ लाख ४६ हजार ७७० मुल्य वरावरका १९३ वटा घारमा फष्टाएका मौरी फोरेर नयाँ घारमा विस्तार गर्ने लक्ष्यका साथ यस बर्षपनि कृषकलाई खालीघार वितरण गरिएको कार्यक्रममा जानकारी दिइयो। पोखरा महानगरपालिका वडा नं. १६ का वडाअध्यक्ष अमृत शर्मा तिमिल्सिनाले कृषकलाई मौरीघार वितरण गर्दै व्यवसायिक मौरीपालनमा जुट्न वडावासीलाई आग्रह गर्नुभयो। “महानगरले यस वडालाई मौरीको पकेट क्षेत्र घोषणा गरि मौरीपालक कृषकलाई सहयोग गर्दै आएको छ” उहाँले भन्नुभयो,“मह र घार विक्रीबाट आयआर्जन गर्दै स्वरोजगार बन्नु आजको आवश्यकता हो।” मौरीघार विस्तार गर्दै जानुहोस महानगरवाट सक्दो सहयोग रहने विश्वास व्यक्त गर्दै उहाँले थप्नुभयो उपलब्ध गराईएका घारको सहित सदुपयोग गर्न आग्रह गर्दै आवश्यक तालिमको समेत व्यवस्था गरिने छ। वडा कृषि सञ्जालका अध्यक्ष जितबहादुर वस्नेतका अनुसार महानगरको १३ लाख ९५ हजार ७३० रुपैया अनुदान र कृषकको १३ लाख ५१ हजार ४० रुपैया लगानी भई सकेको छ। गत जेठको महिनामा वितरण गरिएका घारबाट कृषकले पहिलो पटक मह उत्पादन शुरु गरेको बताउँदै उहाले चारनको राम्रो व्यवस्था र कृषकको मेहनतले यस वडा महको हव बन्ने विश्वास व्यक्त गर्दै हालसम्म २ ९३ थान मौरीका घार वितरण भई सकेको जानकारी दिनुभयो। सो क्षेत्रका कृषकले यस अघि पनि घरमा खानको लागि मौरीपालन गर्दै आएका थिए। महानगर कृषि सञ्जालको अनुदान र आफ्नो व्यक्तिगत तर्फवाट मौरी सहितका छ घार खरिद गरेको बताउँने पोखरा १६ स्थित महेन्द्र गुफा चोकको निर्मला वस्नेतले मह विक्री शुरु गरेको बताउनु भएको छ। घरमा दुई बर्ष अघि खरिद गरेको घार थियो, मह उत्पादन पनि राम्रै भएको बताउँदै उहाँले भन्नुभयो, अनुदानमा पाएको घार, सुरक्षा सामाग्री र सूर्यमुखी फुलको विउ एवम् तालिमले मौरी पालनमा थप उत्साही बनाएको छ। उत्पादन मह प्रति केजी एक हजार पाँच सय रुपैयामा विक्री गर्दै आएको उहाँले बताउनुभयो। अर्मला जुम्लेटिकी सिता कार्कीको घरमा चारवटा घार छन्, उत्पादित मह विक्री हुदैन कि भन्नु पर्दैन खरिद गर्ने ग्राहक घरमै आउदछन्, ५० प्रतिशतमा आज प्राप्त गरेका दुईवटा खालीघारमा मौरी राख्ने तयारी गर्नुभएको छ। अघिल्लो बर्ष मौरी सहितको अनुदानमा प्राप्त गर्नुभएको घारको मौरीले उत्पादिन दिन शुरु गरेको बताउँदै अर्मला डिहीकी रामलक्ष्मी गुरुङ भन्नुहुन्छ घर छेउको बारीमा चार वटा मौरीका घार रहेका छन् मह विक्रीबाट बार्षिक ५० देखि ६० हजारसम्म आम्दानी हुने गरेको छ, विस घार पुऱ्याएर चार देखि पाँच लाख भन्दा बढी आम्दानी गर्ने सोच रहेको छ। पोखरा महानगरपालिकाको आर्थिक सहयोग एवम् कृषि सञ्जालको व्यवस्थापनमा व्यवसायिक कृषकलाई तीनदिने मौरीपालन तालिम समेत प्रदान गरिएको थियो। तालिम लिएका कृषकलाई मात्र अनुदानको घार वितरण गरिने व्यवस्था रहेको छ।

महानगर कृषि महाशाखाले अर्मलालाई कृषिको हव वनाउने लक्ष्यका साथ मौरी सहित तरकारी, पशुपालन, आलुको विउ उत्पादन लगायतका क्षेत्रमा अनुदानको व्यवस्था गरेर कृषकलाई प्रोत्साहन गर्दै आएको छ।

# छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चलाई सक्रिय वनाउन भेला

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर



पोखरा-१७ छोरेपाटनमा रहेको छोरेपाटन माविमा स्थापना भएको भूपू विद्यार्थी मञ्चको पुर्नगठन गर्ने उद्धेश्यले विहिबार भेला आयोजना गरियो।

भेलाले कृष्ण रानाभाटको संयोजकत्वमा ९ सदस्यीय मञ्च अध्ययन तथा पुर्नगठन कार्यदल सर्वसम्मत चयन गरेको छ। सदस्यमा हिमलाल उपाध्याय, गणेश घर्ति क्षेत्री, गुरुप्रसाद ढकाल, विनम गुरुङ, कृष्ण प्रसाद पोखरेल, शालिकराम भण्डारी, ज्योति हमाल र शिव न्यौपाने चयन भएका छन्। समितिले शुक्रबारसम्म मञ्चको कानुनी स्थिति खोज गरी विधिवत संचालनको लागि गर्नुपर्ने कार्यहरु गर्ने संयोजक कृष्ण रानाभाटले वताए।

विद्यालयको सभाहलमा आयोजित भेलामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वद्रीनाथ पहारी, प्रधानाध्यापक डिल्लिराम शर्मा भुसाल, शिक्षक उपेन्द्र राज पोखेल, छविलाल पनेरु, राजेन्द्र गुरुङ, देवराज आचार्य, विजयराज आचार्य, जयश्वर पौडेल, एकराज वराल, नवराज वराल लगायतले मञ्चलाई सक्रिय वनाउनु पर्ने धारणा राखेका थिए।

विद्यालयका सहप्रधानाध्यापक तथा पुर्व विद्यार्थी खेमराज वराल (ध्रुव)को अध्यक्षतामा भएको कार्यक्रमको संचालन पुर्व विद्यार्थी पत्रकार कृष्ण रानाभाटले गरेका थिए।

# तनहुँका... ...

माध्यमिक विद्यालयको खेलमैदानमा पाँचौं रनिङशिल्ड गर्ने निर्णय गरेको छ। त्यसका लागि मङ्सिर २५ गतेभित्र खेलाडीको नामावली निर्मल माविको प्रशासन शाखामा पेश गर्न सूचित गरिएको छ। रनिङशिल्डमा छात्रछात्रा भलिबल, कबड्डी, दौड, मार्सल आर्ट, कराते लगायतका खेल सञ्चालन हुने प्रतियोगिताका सदस्य एवं गणेशचन्द्र बस्नेतले जानकारी दिनुभयो। चालु शैक्षिक शत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययन गरिरहेका विद्यार्थीले मात्र प्रतियोगितामा सहभागिता जनाउन पाउने बस्नेतले बताउनुभयो। म्याग्दे गाउँपालिकाले मङ्सिर २१ गतेदेखि पालिकास्तरीय रनिङशिल्ड सुरु गरेको छ। म्याग्दे गाउँपालिका-२ दमसेरा खेलमैदानमा सञ्चालन हुने प्रतियोगितामा छात्रछात्रा भलिबल, कबड्डी, दौड, मार्सल आट लगायतका विधामा प्रतिस्पर्धा गराइने गाउँपालिकाका शिक्षा शाखा प्रमुख बुद्धिसागर खनालले जानकारी दिनुभयो। भानु नगरपालिकाले मङ्सिर २९, ३० र पुस १ गते भानु नगरपालिका-२ ब्राइटफ्युचर युवा क्लवको खेलमैदानमा प्रतियोगिता गर्ने तयारी गरेको छ। प्रतियोगितामा छात्रछात्रा भलिबल, कबड्डी, दौड लगायतका विधामा खेलाडीबीच प्रतिस्पर्धा गराइने जनाइएको छ।

# चरक हस्पिटलको ११ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २१ मंसिर



पोखराको नागढुंगामा रहेको अत्याधुनिक सुविधासम्पन्न चरक हस्पिटल प्रालिले विविधि कार्यक्रमका बीच आफ्नो ११ औं वार्षिकोत्सव मनाएको छ।

हस्पिटलले स्वास्थ्य क्षेत्रसँगै सम्बन्धित रक्तदान कार्यक्रम गरेको हो। कार्यक्रममा ५५ जनाले रक्तदान गरे। उत्साहजनक तबरले रक्तदाताहरु कार्यक्रममा सहभागी भए। लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ एमका ब्लड डोनेशन चिफ ठाकुरप्रसाद अधिकारीले पहिलो रक्तदाता लायन्स क्लब अफ पोखरा माछापुच्छ्रेका अध्यक्ष ई. अमिर भण्डारीलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रम शुभारम्भ गरेका थिए। रक्त सञ्चार केन्द्र, पोखराको प्राविधिक सहयोग, लायन्स क्लब अफ पोखरा माछापुच्छ्रे र लायन्स क्लब अफ पोखरा नर्सेसको सहकार्यमा कार्यक्रम भएको पिआरओ सोबित सुवेदीले जानकारी दिए।

लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ एमका एफडब्लूसी डिस्ट्रिक्ट कोओर्डिनेटर अर्जुन थापाले सञ्चालन गरेको कार्यक्रममा लायन्स क्लब अफ पोखरा नर्सेसका अध्यक्ष हेमा गुरुङले स्वागत मन्तव्य राखिन्।

यसैबीच, वार्षिकोत्सवकै अवसरमा अर्को पूण्यको काम पनि चरक हस्पिटलले गरेको छ।

हस्पिटलले पोखरा महानगरपालिका वडा नं. २९, घोतघोतेमा रहेको दृष्टिविहीन निवासमा तिहारमा भएको भएको आगलागीबाट पीडितलाई सहयोग सामाग्री हस्तान्तरण गरेको हो।

हस्पिटल परिसरमै आयोजित कार्यक्रममा हस्पिटल प्रालिका अध्यक्ष रामचन्द्र रेग्मी, प्रवन्ध निर्देशक कपिल पोखरेलले अपांग मैत्री समाज, दृष्टिविहिन आश्रमका ईञ्चार्ज शुशिल गोदारलाई ६० हजार बराबरको सहयोग सामाग्री हस्तान्तरण गरेका हुन्।


दृष्टिविहीनले विक्री गर्ने सामानहरु अगरबत्ती, कपुर, कलम, डायरी लगायतका सामानहरु हस्पिटलले सहयोग गरेको हो। गत कार्तिक २९ गते दृष्टिविहीन समूह देउसीभैलो खेल्न निस्कँदा राति ९ बजेतिर आश्रममा आगलागी भएको थियो। नगद ८ लाखसहित करिब ३० लाखजतिको विक्री सामान र ५ कोठे एक तले घर जलेर नष्ट भएको थियो। आश्रममा रहेका ३० जना अहिले पोखरा २६ स्थित नेत्रहीन कास्कीको कार्यालयमा बस्न बाध्य भएको गोदारले बताए। उनले हस्पिटलले सहयोग गरेकोमा खुशी व्यक्त गरे। व्यापार मेलामा टिकट काट्नेमध्ये २ जनालाई निःशुल्क फूल बडी चेकअप, अन्यलाई १० प्रतिशत छुट।

यस्तै, पोखरामा आजदेखि सुरु भएको राष्ट्रिय औद्योगिक व्यापार मेलामा हस्पिटलले स्टल समेत राखेको छ। हरेक दिन टिकट काट्नेमध्ये गोलाप्रथाद्वारा २ जना छनौट गरी फूल बडी चेकअप निःशुल्क गरिदिने कार्यालय प्रशासक प्रदीप शर्माले जानकारी दिए। यसैगरी, स्टल भिजिट गरी पर्चा लिएर हस्पिटल पुग्नेलाई माघ मसान्तसम्ममा १० प्रतिशत छुट दिने पनि हस्पिटलले जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
– थोमस फुलर

**सम्पादकीय**

# एनसेललाई अदालतको अंकुश

एनसेलको सेयर खरिद बिक्री शंकास्पद र अपारदर्शी भएको भन्दै प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले शेयर खरिद बिक्री रोक्न सरकारलाई निर्देशन दिएको छासंसदको सार्वजिक लेखा समितिले सरकारलाई निर्देशन लिएको भोलिपल्टअदालतले पनि खरिद बिक्री रोक्न अल्प कालीन अन्तरिम आदेश दिएको छ ।

अल्पकालीन अन्तरिम आदेश जारी गरेर भ्रुटको खेती गर्नेलाई जवाफ दिएको छान्यायाधीश पुरुषत्तोमप्रसाद ढकालको एकल इजलासले एनसेलको सेयर खरिद बिक्री प्रक्रियामा पूर्व स्वीकृत नलिएको देखिएकाले कम्पनी रजिस्ट्रारको कार्यालयविरुद्ध अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।सत्ताको आडमा हुने अपारदर्शी निर्णय सच्याउन अदालत बाउनु पर्छ । संसदको सार्वजनिक लेखा समितिले एनसेलको खरिद बिक्री रोक्का गर्न नेपाल सरकारलाई अनुरोध गरेको, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले सम्बन्धित निकायलाई अनुसन्धान गर्न निर्देशन दिइसकेको र नेपाल दूरसञ्चार प्राधिकरणले समेत सेयर खरिद बिक्री गर्दा स्वीकृति नलिएको प्राप्त मसिलको आधारमा उक्त आदेश दिएको छ ।

दूरसञ्चार नियमावली २०५४ को नियम १५ (ट) र सो को विनियमावली २०७३ को विनियम ४ (क) बमोजिम सेयर खरिद बिक्रीमा स्वीकृति नलिएको भन्दै उच्च अदालत पाटनले मंसिर २५ गतेसम्मको लागि खरिद बिक्री भएका एनसेलका सेयरहरू दर्ता किताबमा दर्ता नगर्न नगराउनु विपक्षीका नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) (क) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरेको जनाएको छ। अदालतले विपक्षी भनिएका कम्पनी रजिस्ट्रारको कार्यालयलाई २५ गते हुने छलफलमा उपस्थित हुन त्यस सम्बन्धमा कुनै निर्णय भएको छ भने सो निर्णयसमेत लिई उपस्थित आदेश दिएको छासरकारले शंकास्पद र अपारदर्शी काम भएको बुझेकाले काम नगर्नु आफैलाई अविश्वस्नीय बनाउने काम होगलत र देशलाई हानी पुर्याउने निर्णय गर्न बाट जोगाउन पनि सबै दल र पक्ष लाग्नुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चितवनमा धान उत्पादन १० प्रतिशत कमी

रासस
चितवन, २० मंसिर

जिल्लामा यस वर्ष धान उत्पादनमा १० प्रतिशतले कमी आएको छ । यहाँ २६ हजार तीन सय ५२ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो ।

त्यसमा एक लाख १२ हजार एक सय ९० मेट्रिक टन धन उत्पादन भएको छ । यसवर्ष धानको उत्पादकत्वमा समेत कमी आएको छ । चार दशमलव २६ मेट्रिकटन प्रतिहेक्टर धान उत्पादन भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । गत वर्ष २७ हजार आठ सय ९८ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । त्यसमा एक लाख २४ हजार सात सय ६२ मेट्रिकटन धान उत्पादन भएको कार्यालयका योजना अधिकृत उमराज अर्यालले जानकारी दिनुभयो । सो वर्ष उत्पादकत्व चार दशमलव छ मेट्रिकटन प्रतिहेक्टर धान उत्पादन भएको थियो । उहाँका अनुसार गत वर्षको तुलनामा यसवर्ष १२ हजार पाँच सय ७२ मेट्रिकटन धान उत्पादन घटेको हो ।

# श्रम शोषणमा परेकी महिलाको उद्धार

पोखरापत्र संवाददाता
बेनी, २१ मंसिर

रोजगारीको सिलसिलामा कुवेतमा पुगेर चरम श्रम शोषणमा पर्नुभएकी म्याग्दीको बेनी नगरपालिका-९ घतान काउलेगौडाकी हिराकुमारी चोखालको सकुशल उद्धार भएको छ ।

आकर्षक तलबको प्रलोभनमा परेर भारत हुँदै कुवेत पुग्नुभएकी ३३ वर्षीया चोखालले आफूमाथि चरम श्रम शोषण भएको भन्दै उद्धारको लागि अनुरोध गरेपछि म्याग्दी प्रवासी नेपाली सङ्घ मोना कुवेत, मोना अन्तरराष्ट्रिय, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) कुवेतलगायत निजको उद्धार लागेका थिए । कुवेतबाट नेपाल फर्कनुभएकी चोखाल बुधबार आफ्नो घरमा आइपुग्नुभएको छ । खाडीमुलुकमा शोषणमा परे पनि गुहार मागेर सकुशल घर फर्कन सफल हुनुभएकी चोखाललाई घरपरिवार र छिमेकीले फूलमाला लगाएर स्वागत गर्दै खुसी बाँडेका थिए । करिब आठ महिनाअघि जटिल रोगबाट ग्रसित श्रीमान् को उपचार र छोराछोरीको शिक्षादीक्षाका लागि भारत हुँदै कुवेत पुगेकी चोखाल घरेलु काममा चरम शोषणमा पर्नुभएको थियो ।

दैनिक १८ घण्टासम्म काममा लगाउने र मानसिक तथा शारीरिक यातना दिने गरेको र समयमा पारिश्रमिक समेत नदिएपछि आफूले उद्धारको लागि अपिल गरेको उहाँले बताउनुभयो ।

# एनसेलको बिक्री भएको शेयर दर्ता नगर्न आदेश

रासस
काठमाडौं, २१ मंसिर

उच्च अदालत पाटनले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको बिक्री भएको शेयर दर्ता नगर्नु/नगराउनु भनी अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

उच्च अदालतका न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको एकल इजलासले बिहीबार एनसेलका बिक्री भएका शेयर दर्ता किताबमा दर्ता नगर्नु/नगराउनु भनी कम्पनी रजिस्ट्रार कार्यालयका नाममा उक्त आदेश गरेको हो । आदेशमा भनिएको छ, "मङ्सिर २५ गतेसम्मका लागि खरिद बिक्री भएका एनसेलका शेयरहरू दर्ता किताबमा दर्ता नगर्नु/नगराउनु भनी विपक्षीहरूका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ ।"

अदालतले उक्त विवादमा दुवै पक्षलाई छलफलका लागि यही मङ्सिर २५ गते बोलाएको छ । उक्त छलफलपछि अदालतले अन्तरकालीन अन्तरिम आदेशलाई जारी राख्ने वा अन्य आदेश जारी गर्ने भन्ने निर्णय गर्नेछ । मलेसियन कम्पनी आजियाटाले एनसेलमा ८० प्रतिशत शेयर स्वामित्व रहेको रेनोल्ड होल्डिङ्सलाई नेपाली मूलका सतिसलाल आचार्यको कम्पनी स्पेक्ट्लाइट युके लिमिटेडलाई बिक्री गरेको थियो । उक्त विषय सार्वजनिक भएपछि गोकुलबहादुर रोकायाले शेयर खरिद-बिक्रीको कारोबारलाई मान्यता नदिन माग गर्दै उच्च अदालत पाटनमा रिट निवेदन दायर गर्नुभएको थियो ।

# सतीघाटको सामयिक विकासमा जोड

रासस
तनहुँ, २१ मंसिर

नेपाली भाषा एकीकरणका नायक आदिकवि भानुभक्त आचार्यसँग सम्बन्धित कयौँ विषयवस्तु तथा क्षेत्र खोज अनुसन्धान गर्नुपर्ने अवस्थामा छन् । नेपाली भाषाका कवि, लेखक, तथा दार्शनिकका रुपमा पहिचान बनाएका आदिकवि आचार्यलाई नेपाली साहित्यको जग बसाल्ने व्यक्तित्वका रुपमा चिनिन्छ । भानुभक्तसँग सम्बन्धित कैयौँ विषय हालसम्म पनि खोज तथा अनुसन्धान हुन सकेका छैनन् ।

आचार्यको जन्मस्थल, बाल्यकाल, युवा तथा वृद्धअवस्थाका धेरै विषयमा हालसम्म कुनै खोजी नभएकाले खोज तथा अनुसन्धान गर्नुपर्ने देखिएको हो । उहाँको अन्त्येष्टिका विषयमा पनि खोजी गर्नुपर्ने भानुभक्त जन्मस्थल विकास समितिले जनाएको छ ।

तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घास्थित धर्मशाला (शिखर कटेरी) मा विसं १८७१ असार २९ गते जन्मनुभएको थियो । राष्ट्रिय विभूति आचार्यको बाल्यकाल, युवा र वृद्धावस्थालगायत विषयमा खोज तथा अनुसन्धान गर्नुपर्ने समितिका निर्देशक शङ्कर रानाभाटले बताउनुभयो । जन्मस्थलका बारेमा प्रचारप्रसार र प्रवर्द्धन भए पनि अन्य विषय भने प्रचारप्रसारको कमीले ओझेलमा परेका भन्दै अनुसन्धान गर्नुपर्ने उहाँको भनाइ थियो ।

"भानुभक्तको विसं १९२५ असोज ७ गते देहावसन भयो । देहावसनको मिति लेखिएको शिलापत्र पाइन्छ । उहाँको निधनपश्चात् पार्थिव शरीरको अन्त्येष्टि (समाधि) कहाँ गरियो ? भन्ने विषयमा कतिपय साहित्यकारहरु नै जानकार नहुन सक्छन्", रानाभाटले भन्नुभयो, "जन्मस्थलको विकास, संरक्षण र प्रवर्द्धन भए पनि समाधिस्थलको प्रचारप्रसार नहुँदा गुमनाम जस्तै छ । यस विषयमा गहन अनुसन्धान हुनु आवश्यक छ ।" आचार्यका बारेमा उहाँका सन्ततिका साथै सरकारी पक्षबाट विशेष अनुसन्धान गरिनुपर्ने उहाँको भनाइ थियो ।

भानुभक्तको जन्मस्थल र उहाँसँग जोडिएका अन्य विषयका बारेमा जति प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन नसकेको रानाभाटले बताउनुभयो । "अधिकांश व्यक्तिलाई भानुभक्तको जन्मस्थलका बारेमा जानकारी भए पनि उहाँसँग सम्बन्धित अन्य विषय तथा महत्वपूर्ण स्थानका बारेमा हालसम्म अनविज्ञ छन्", उहाँले भन्नुभयो, "राष्ट्रिय विभूति भानुभक्तको अन्त्येष्टिको विषयमा कतैबाट पनि खोजी भएको छैन । यस्ता विषयको गहन अनुसन्धान गरी प्रचारप्रसार गर्नु जरुरी छ ।"

मर्स्याङ्दी करिडोर (हिमालबाट आएको कर्मदा नदी)अन्तर्गत तनहुँको भानु नगरपालिका-१ सतीघाट (गाईघुने)मा भानुभक्तको पार्थिव शरीरको अन्त्येष्टि गरिएको थियो । ऐतिहासिक एवं धार्मिक रुपमा परिचित सतीघाटको बारेमा अधिकांश मानिस अनविज्ञ छन् ।

# शैक्षिक सुधारमा पूर्वशिक्षामन्त्रीको जोड

पोखरापत्र संवाददाता
तनहुँ, २१ मंसिर

नेपाली काङ्ग्रेसका पूर्वसहमहामन्त्री तथा पूर्वशिक्षामन्त्री गोविन्दराज जोशीले शैक्षिक क्षेत्रमा अपेक्षित सुधार नहुँदा युवा वर्गको विदेश पलायनरोकिएकोबताउँदैत्यसमा व्यापक सुधार अपरिहार्य भएकामा जोड दिनुभएको छ ।

तनहुँको भानु नगरपालिका-११ मानेचौकास्थित त्रिभुवन क्याम्पसको रजत महोत्सवको बुधबार उद्घाटन गर्दै पूर्वमन्त्री जोशीले गुणस्तरीय एवं व्यावसायिक शिक्षा आजको अहिलेको आवश्यकता भएको बताउनुभयो । उहाँले बेरोजगारी बढेपछि युवा पलायन भएका भन्दै उनीहरूलाई रोक्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

कक्षा १२ पास हुने बित्तिकै नयाँ पुस्ता विदेशिने क्रम बढ्दा वैदेशिक मुद्रा सञ्चितिमा पनि त्यसले प्रभाव पारेको वास्तविकता सुनाउँदै पूर्वमन्त्री जोशीले शैक्षिक क्षेत्रको सुधार तथा व्यावसायिक शिक्षाको विकासका निम्ति सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । त्यस अवसरमा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर गुरुङ, बिपी विचार समाजकी केन्द्रीय सदस्य बालकुमारी लोहनी, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, पूर्वप्रमुख उदयराज गौली, क्याम्पस प्रमुख रवीन्द्रराज जोशीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# भूमि आयोगद्वारा बन्दीपुरमा जग्गा नापजाँच सुरु

पोखरापत्र संवाददाता
तनहुँ, २१ मंसिर

तनहुँको बन्दीपुर गाउँपालिकाभित्र अव्यस्थित ढङ्गले बसोबास गर्दै आएकालाई जग्गाधनी प्रमाणपत्र प्रदान गर्न जग्गा नापजाँच सुरु गरिएको छ । राष्ट्रिय भूमि आयोग तनहुँले बन्दीपुर गाउँपालिका-१ बाट जग्गा नापजाँच सुरु गरेको हो ।

आयोगले भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि उक्त वडाबाट जग्गा नापजाँच सुरु गरिएको सोही वडाका वडाध्यक्ष एवं बन्दीपुर गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आयोगसँगको सहकार्यमा यसअघि सबै वडामा निस्सा वितरण भइसकेको छ । पहिलो चरणमा वडा नम्बर १ बाट काम अगाडि बढाइएको छ ।" जग्गा नापजाँचका लागि सम्बन्धित व्यक्तिको नागरिकता, उपलब्ध अन्य प्रमाण र निवेदन दर्ताको निस्सासहित उपस्थित भई आफूले भोग गरेको जग्गाको साँध सिमाना देखाई नापी गराउन वडावासीलाई आग्रह गरिएको छ ।

वडा नम्बर १ मा काम सकिएपछि क्रमशः अन्य वडामा नापजाँचको थालिनेछ । राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीले स्थानीय तहको समन्वयमा भूमिहीनलाई जग्गाधनी प्रमाणपत्र र अव्यवस्थित बसोबास गरेकालाई व्यवस्थित गरिने जानकारी राससलाई दिनुभयो । उहाँले भन्नुभयो, "सुकुम्बासीलाई व्यवस्थित गर्न आयोग क्रियाशील छ ।" राष्ट्रिय भूमि आयोगका अनुसार हालसम्म शुक्लागण्डकी नगरपालिका,बन्दीपुरगाउँपालिका, आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका-५, व्यास नगरपालिकाका केही वडाका सुकुम्बासीलाई निस्सा प्रदान गरिएको छ ।

जिल्लाका दश पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ ।

जिल्लाको आँबुखैरेनी गाउँपालिका-२, देवघाट गाउँपालिका-५ देउपुर टोल र शुक्लागण्डकी नगरपालिका-७ स्याउली बजारमा पनि जग्गाको नापजाँच थालिएको छ ।

# विदेशको जागिर छाडेर बाख्रा र माहुरीपालन

पोखरापत्र संवाददाता
बागलुङ, २१ मंसिर

नेपालमा धेरै युवा सम्भावना नभएर परदेश गएका सन्दर्भमा यहाँका ३६ वर्षीय युवा विदेशको राम्रो जागिर छाडेर नेपालमै पशु तथा मौरीपालनमा लाग्नुभएको छ ।

बागलुङको बडिगाड गाउँपालिका-१ दगा निवासी मतिलाल वनले सात वर्षअघि रु १० लाख लागतमा बाख्रापालन थाल्नुभएको थियो । पढेलेखेका युवा जागिर खाने र विदेशमा रोजगारीका लागि पुग्ने परम्परालाई चिर्दै वन गाउँमै उद्यम गर्ने अठोट मात्रै गर्नुभएन विदेशको राम्रो जागिर छाडेर सात वर्षअघि स्वदेश फर्कनुभएको थियो । जागिरभन्दा उद्यममा सम्भावना देख्नुभएका वनले बाख्रा र मौरीपालनबाट मनग्य आम्दानीसमेत गर्दै आउनुभएको छ । भारतमा पुगेर बजारीकरण विषयमा स्नातकोत्तर पास गर्नुभएका उहाँ बजारीकरण क्षेत्रबाटै मलेसियासमेत पुग्नुभएको थियो । तीन वर्षको मलेसिया बसाइँ छाडेर गाउँमै कृषि गर्ने उद्देश्यले वन नेपाल फर्कनुभएको थियो । सात वर्षअघि मात्रै रु १० लाख लागतमा बाख्रा र मौरीपालन थाल्नुभएका वन अहिले मनग्य आम्दानी गर्न सफल हुनुभएको छ । धर्मराज बाख्रा फार्म र पुष्पा मौरी फार्म गरी दुई वटा नाममा फार्म सञ्चालन गर्दै आउनुभएका उहाँको बाख्रा फार्ममा एक सय ५० बाख्रा, बोका र पाठापाठी रहेका छन् भने ६० वटा मौरीका घार रहेका छन् । "बुबा भारतमै हुनुहुन्थ्यो, एसएलसी पासपछि भारत गए, उतै बजारीकरण विषयमा डिग्री हासिल गरे, उतैबाट मलेसिया पुगे", वनले भन्नुभयो, "मासिक रु तीन लाख आम्दानी हुने जागिर मलेसियामा तीन वर्ष गरे, केही रकम जम्मा गरेर गाउँ फर्कने निधो गरे, सात वर्षअघि पुर्खाले परम्परागतरुपमा गर्दै आएको बाख्रापालन र मौरीपालनलाई व्यवसायीकरण गर्न थाले, अहिले वार्षिक रु १५ लाखसम्मको बाख्रा र मौरीबाट कारोबार गर्दछु ।"

उहाँले मौरीपालन र बाख्रा फार्म दर्ता गरेर दुई फार्मको मालिक बन्न सफल भएको जनाउँदै वार्षिक रु छदेखि आठ लाखसम्म बचत गर्न सफल भएको बताउनुभयो । पढेलेखेकाभन्दा नपढेकाले मात्रै गर्ने कृषि पेसालाई विस्तारै पढेलेखेकाले अगाल्दा बढी सफल हुने उहाँको भनाइ छ ।

उहाँले पढेलेखेकाले खाने सरकारी जागिरभन्दा मौरीपालन र बाख्रापालनबाट बढी रकम कमाउन थालेको र अन्य युवाले समेत उद्यममा लगानी गर्न आवश्यक रहेको बताउनुभयो । "भारतमै ठूलो कम्पनीको मार्केटिङ जनरल म्यानेजर थिए, मलेसिया पुगेर त मासिक रु तीन लाख कमाइ हुने जागिर खाए सात वर्षअघि तर नेपालमा नै केही गर्न पर्दछ भनेर लागी परे", उहाँले भन्नुभयो, "बाख्रापालन व्यवसायभन्दा मौरीपालनबाट धेरै आम्दानी गर्न सकिने अनुभव सँगालेको छु, अहिले बाख्राबाट आफ्नो मेहनतसहित २० देखि ३० प्रतिशत र मौरीपालनबाट ६० प्रतिशत खुद नाफा गर्न सकिने रहेछ ।" हाल पूर्वाधार, खोर, मौरीका घार र बाख्रासहित झण्डै रु ६० लाखको पुँजी जम्मा भएको उहाँको भनाइ छ। कमाइ भएको केही प्रतिशत पुँजी वृद्धिमा हाल्दै आएको र अन्य रकम बचत गर्ने गरेको वनले बताउनुभयो । राज्यले अनुदान दिने नीति सुधार्न आवश्यक रहेको जनाउँदै वनले ५० प्रतिशत अनुदानले किसान भनै समस्यामा परेको बताउनुभयो । उहाँले रु १० लाख लगानी गरेको खोरमा रु पाँच लाख राज्यले दिँदा आफ्नो लगानी उठाउन धेरै समय लागेको जानकारी दिँदै असली किसानलाई शतप्रतिशत अनुदान दिनुपर्ने बताउनुभयो । उहाँले नेपाल सरकारबाट शून्य ब्याजदरमा रु १५ लाख ऋण ल्याएको जनाउँदै उक्त ऋणले आफूलाई ठूलो राहत पुगेको बताउनुभयो । अहिले वनको फार्ममा यती सेरेना जातको मौरी रहेका छन् भने खरीजात, जमुनापारी, बोयर क्रसजातका बाख्रा रहेका छन् ।

उहाँले मौरीको महलाई प्रतिकिलो रु एक हजार दुई सयमा बिक्री गर्दै आउनुभएको छ । उत्पादन भएको मौरी र बोकालाई बजारको अभाव भने नभएको उहाँले बताउनुभयो । वनको फार्ममा बाबा, आमा, श्रीमतीले समेत सहयोग गरिरहनुभएको छ । बाख्रापालनका लागि स्थानीय घाँस एक सय रोपनीमा रहेको छ भने ३० रोपनी जग्गामा आधुनिक प्रजातिको घाँसखेती गरिएको छ ।

